# प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ५(१) बमोजिम स्वतः प्रकाशन गरिएको विवरण

**कार्यालयको नामः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर**

**अवधिः- २०७९ श्रावण १ देखि २०७९ कार्तिक मसान्तसम्म**

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधानमा व्यवस्था भए अनुरुप प्रदेश सरकारहरुको स्थापना भएपश्चात् प्रदेशको प्रादेशिक प्रशासनको सर्वोच्च निकाय (Apex Body) को रूपमा वि.सं. २०७४/१०/०५ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्थापना भएको हो। यो कार्यालय एकातिर प्रदेशको कार्यकारी प्रमुख मुख्यमन्त्रीको कार्यालय भएकोले मुख्यमन्त्रीलाई सचिवालयको सेवा प्रदान गर्दै आएको छ भने अर्कातिर प्रदेशको उच्च प्रशासनिक पदाधिकारी प्रमुख सचिवज्यूको कार्यालय पनि भएकोले प्रदेश मन्त्रिपरिषद्को कार्यसम्पादनमा प्रशासनिक एवम् प्राविधिक सहयोग पुऱ्याउने गर्दछ । राजनीतिक र प्रशासनिक दुबै दृष्टिकोणले उच्च निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय भएको हुँदा यो प्रादेशिक प्रशासनको केन्द्रविन्दुको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ । प्रदेशका सबै मन्त्रालयहरुको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने भएकोले पनि यसको सक्रियता र प्रभावकारिताले अन्य मन्त्रालयहरुको कार्यसम्पादन स्तरलाई प्रभावकारी बनाउन सघाउ पुग्दछ ।

## २. निकायको काम, कर्तव्य र अधिकार


बागमती प्रदेश सरकारको (कार्यविभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयको काम, कर्तव्य र अधिकारहरु यस प्रकार रहेका छन् ।

- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी
- प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन
- प्रदेश मन्त्रालयकहरुको कार्यहरुको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण
- प्रदेश मन्त्रिपरिषद्का निर्णयहरुको कार्यान्वयन र अनुगमन
- प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण
- प्रदेश भित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार

- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय
- सङ्घीय सरकारको स्वीकृति बमोजिम द्धिपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन
- प्रदेश प्रमुखको सम्पर्क सम्बन्धी विषय (प्रतिवेदन समेत)
- अन्तर प्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध
- प्रदेश स्तरका आयोग तथा निकायहरुको गठन एवं सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवं सेवा सुविधा सम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन
- निर्वाचन कार्यमा सहयोग र समन्वय
- प्रदेश स्तरमा मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन
- प्रदेश स्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण
- प्रदेश स्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेश स्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय
- प्रदेश स्तरका सार्वजनिक सेवा वितरणको न्युनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमन
- गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस कार्यालयको संगठन संरचना यस प्रकार रहेको छ ।



## ४. निकायबाट प्रदान गरिने सेवा

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेको कार्यक्षेत्रभित्रका नीतिगत र व्यावहारिक निर्णयहरु तथा जनशक्ति व्यवस्थापनका सेवाहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेको कार्यक्षेत्रभित्रका सेवाहरु स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण अनुसारका पदस्थापना वा जिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रचलित नियम बमोजिम प्रवाह हुने गरेको छ ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित नियम अनुसार ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्रदेश सरकार मन्त्रिपरिषद्, माननीय मुख्यमन्त्री, प्रमुख सचिव, प्रदेश सचिव तथा अधिकार प्रत्यायोजन भएका अधिकारीहरुबाट प्रचलित नियमानुसार निर्णय गर्ने व्यवस्था छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस कार्यालयमा विभिन्न शाखाहरूबाट गरिएका निर्णयहरु उपर सम्बन्धित महाशाखाका प्रमुखज्यूहरु (प्रदेश सचिव) समक्ष तथा सचिव स्तरबाट भएका निर्णयहरुका सम्बन्धमा उजुरी भएमा प्रमुख सचिव समक्ष उजुरी वा गुनासो राख्न सकिनेछ ।

## ९. सम्पादन गरेका कामको विवरण

आर्थिक वर्ष २०७९/८० को पहिलो चौमासिकमा सम्पादन भएका क्रियाकलाप तथा गतिविधिहरुको विवरण यस प्रकार छ ।

| क्र. सं. | क्रियाकलाप | एकाइ | परिमाण |
|---|---|---|---|
| १ | बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठक सञ्चालन | बैठकको सङ्ख्या | १० |
| २ | बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णयहरुको कार्यान्वयन | निर्णयको सङ्ख्या | ५४ |
| ३ | बागमती प्रदेशका सबै स्थानीय तहहरुको लागि नवप्रवर्तन साझेदारी कोष (IPF) सम्बन्धी अनुशिक्षण कार्यक्रम | पटक | १ |
| ४ | बागमती प्रदेश सरकारका सचिव तथा सम्बन्धित कर्मचारीहरुलाई मन्त्रिपरिषद्मा पेस गर्ने प्रस्ताव लेखन सम्बन्धी कार्यशाला | पटक | १ |

| | | | |
|---|---|---|---|
| ५ | नवप्रवर्तन साझेदारी कोष (IPF) बाट कार्यक्रम सञ्चालन गर्न सातवटा स्थानीय तहहरु लाई सम्झौता बमोजिमको रकम निकासा | स्थानीय तहको संख्या | ७ |
| ६ | प्रतिनिधिसभा तथा प्रदेश सभाको निर्वाचन प्रक्रियामा सहयोग, सहजीकरण, समन्वय तथा कर्मचारी व्यवस्थापन | पटक | १ |
| ७ | प्रदेश किताबखानाको स्थापना, भवन लगायतका भौतिक पूर्वाधार व्यवस्थापन तथा कर्मचारी व्यवस्थापन | वटा | १ |
| ८ | प्रदेश र स्थानीय तहका सार्वजनिक पदाधिकारीहरु तथा करारका कर्मचारीहरुको सम्पत्ति विवरण सङ्कलन, अभिलेखीकरण र भण्डारण | जना | ४९१५३ |
| ९ | कर्मचारी व्यवस्थापनका क्रियाकलापहरु (कार्य सम्पादन मूल्याङ्कन, सरुवा, अध्ययन र असाधारण बिदा सिफारिस, अध्ययन बिदा पूर्व स्वीकृति, तह वृद्धि आदि) | संख्या | निरन्तर |
| | अध्ययन बिदाका लागि पूर्व स्वीकृति दिइएका कर्मचारीहरु | जना | ४० |
| | अध्ययन बिदाका लागि सिफारिस गरिएका कर्मचारीहरु | जना | १५ |
| १० | बागमती प्रदेश सरकारको रिक्त पदमा कर्मचारी पदपूर्ति गर्न मन्त्रालय/ निकाय र आयोगहरुसँग रिक्त पदको विवरण सङ्कलन गरी प्रदेश लोक सेवा आयोगमा माग आकृति पठाएको | पद सङ्ख्या | २५० |
| ११ | नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरु, संवैधानिक आयोगहरु, बागमती प्रदेशका स्थानीय तह तथा अन्य प्रदेशहरुसँग समन्वय, सम्पर्क र सहयोग आदान प्रदानका क्रियाकलापहरु (पत्राचार, बैठकमा सहभागिता आदी) | पटक | निरन्तर |
| १२ | नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरु तथा संवैधानिक आयोगहरुबाट माग भई आएका विवरण तथा तथ्याङ्कहरु सङ्कलन तथा एकीकृत गरी पठाउने कार्य | पटक | निरन्तर |
| १३ | नेपाल सरकार, नेपाल सरकारका मन्त्रालय तथा निकाय एवं संवैधानिक निकायहरुबाट भएका निर्णय कार्यान्वयन, यसका लागि बागमती प्रदेश सरकारका सम्बन्धित मन्त्रालय तथा निकायहरु सँग सहकार्य र फलो अप | पटक | निरन्तर |
| १४ | यस कार्यालयलाई विपक्षी बनाएर अदालतमा दायर भएका मुद्धाहरुको लिखित जवाफ पेश | संख्या | ९ |
| १५ | आन्तरिक पर्यटन काज सम्बन्धी मापदण्ड, २०७९ जारी | संख्या | १ |
| १६ | प्रदेश मन्त्रालय र मातहत निकाय/ कार्यालयका प्रमुख स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि तथा कार्यरत कर्मचारीहरुको लागि नेतृत्व विकास तालिम (पालिका प्रमुख/ उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत) | संख्या | १ |

**१०. सूचना अधिकारीको नाम र पदः** श्री कपिल सिलवाल, अधिकृत स्तर सातौं तह

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

यस कार्यालय र कार्यालयले गर्ने कार्यसम्पादनसँग सम्बन्धित प्रदेश कानुनहरुको सूची यस प्रकार रहेको छ ।

**ऐन**

- स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९
- प्रदेश निजामति सेवा अध्यादेश, २०७९
- प्रदेश सुशासन ऐन, २०७७
- प्रदेश सूचनाको हक सम्बन्धी ऐन २०७६
- प्रदेश प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५
- गाउँ नगर जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५

**नियम**

- प्रदेश भ्रमण खर्च नियमावली, २०७७
- प्रदेश सुशासन नियमावली, २०७७
- प्रदेश सरकार (कार्यविभाजन) नियमावली,२०७४

**गठन आदेश**

- प्रदेश किताबखाना (गठन तथा सञ्चालन) आदेश, २०७८
- प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश ,२०७७
- प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५

**कार्यविधि**

- प्रदेशको वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८
- वार्षिक आयोजना तथा छनौट कार्यविधि, २०७८
- प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धी कार्यविधि, २०७८
- व्यवस्थापन परीक्षण कार्यविधि, २०७७
- जि.स.स.लाई उपलब्ध गराइने बजेट तथा अनुदान रकम खर्च सम्बन्धी कार्यविधि,२०७६
- प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७६
- संगठन संरचना र दरबन्दी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६
- मागमा आधारित प्रदेश विकास आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५

**मापदण्ड**

- आन्तरिक पर्यटन काज सम्बन्धी मापदण्ड, २०७९

- सम्मान र पदक प्रदान गर्ने मापदण्ड, २०७८

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

यस कार्यालयले आर्थिक वर्ष २०७९/८० को पहिलो चौमासिकमा भएको खर्चको विवरण (रु. हजारमा) यस प्रकार रहेको छ ।

| चालु | | | पुँजीगत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|
| बजेट | खर्च | खर्च प्रतिशत | बजेट | खर्च | खर्च प्रतिशत | बजेट | खर्च | खर्च प्रतिशत |
| २१७४०१ | ४३०२४ | २० | १६४१० | १९२३ | १२ | २३३८११ | ४४९४७ | १९ |

## १३. कार्यक्रम तथा आयोजनाको विवरण

यस कार्यालय अन्तर्गत आ.व. ०७९/८० को लागि वार्षिक स्वीकृत कार्यक्रममा रहेका मुख्य कार्यक्रमहरु यस प्रकार रहेका छन् ।

| क्र.सं. | कार्यक्रम | एकाइ | लक्ष्य | प्रगति | बाँकी |
|---|---|---|---|---|---|
| १ | शासकीय सुधार तथा व्यवस्थापन परीक्षण कार्यक्रम | संख्या | १ | ० | १ |
| २ | प्रदेश निजामती किताबखाना संचालन र व्यवस्थापन कार्यक्रम | संख्या | १ | १ | ० |
| ३ | शिष्टाचार सम्बन्धी गोष्ठी (मा. मुख्यमन्त्री तथा मन्त्रिहरु) | संख्या | १ | ० | १ |
| ४ | हेलो प्रदेश सरकार सञ्चालन तथा व्यवस्थापन युनिट स्थापना | संख्या | १ | ० | १ |
| ५ | कर्मचारी क्षमता विकास कार्यक्रम (तनाव व्यवस्थापन, कम्प्युटर सीप, सवारी चालक प्रशिक्षण, खेलकुद प्रतियोगिता) | संख्या | ४ | ० | ४ |
| ६ | प्रदेश ऐन/ नियमावली, स्थानीय सेवा ऐन/नियमावली लगायतका अन्य कानुन, नियमावली, नीति, कार्यविधि, कार्ययोजना, निर्देशिका, मस्यौदा तयारी, छलफल तथा गोष्ठी | संख्या | १ | ० | १ |
| ७ | संघ संस्था एवं उत्कृष्ट कर्मचारी पुरस्कृत, वार्षिक पुस्तक तथा अन्य प्रकाशन, विभिन्न राष्ट्रिय/ प्रदेश समारोह | संख्या | १ | ० | १ |
| ८ | आगामी आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रम छलफल, गोष्ठी, सेमिनार र प्रतिवेदन | संख्या | १ | ० | १ |
| ९ | प्रदेश विकासका लागि आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रका विज्ञसँग छलफल, अन्तर्क्रिया एवं गोष्ठी | संख्या | १ | ० | १ |
| १० | भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलता विषयक अन्तर्क्रिया कार्यक्रम | संख्या | १ | ० | १ |
| ११ | टेलिभिजन/ रेडियो मार्फत् जनतासङ्ग मुख्यमन्त्री कार्यक्रम | संख्या | १ | ० | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | समग्र जिल्लाको सुशासन र सेवा प्रवाहका सम्बन्धमा जिल्ला प्रशासन लगायतका सेवा प्रदायक कार्यालयसँग छलफल र अन्तरक्रिया | संख्या | १ | ० | १ |
| १३ | सुशासन र सेवा प्रवाहका सम्बन्धमा स्थानीय तहसँग अन्तरक्रिया कार्यक्रम | संख्या | १ | ० | १ |
| १४ | जिल्ला कानुनी सहायता समिति सहयोग/ अन्तरक्रिया कार्यक्रम | संख्या | १ | ० | १ |
| १५ | मुख्यमन्त्रीसँग युवा कार्यक्रम | संख्या | १ | ० | १ |
| १६ | स्थानीय तहमा कानुन तर्जुमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम (नगर/ गाउँ कार्यपालिका सदस्यहरुलाई) | संख्या | १ | ० | १ |
| १७ | बागमती प्रदेश सरकारको सेवा प्रवाहमा सेवाग्राही सन्तुष्टी सर्वेक्षण | संख्या | १ | ० | १ |
| १८ | स्थानीय तहको न्यायीक सम्पादनको प्रभावकारिता अध्ययन | संख्या | १ | ० | १ |
| १९ | प्रदेश मन्त्रालयहरुको नीति तथा कार्यक्रम तर्जुमा तथ्याङ्कको प्रयोग सम्बन्धी अध्ययन कार्यक्रम | संख्या | १ | ० | १ |
| २० | विद्युतीय सुशासन गुरुयोजना तयारी | संख्या | १ | ० | १ |
| २१ | प्रदेश मन्त्रालय र मातहत निकाय/ कार्यालयका प्रमुख स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि तथा कार्यरत कर्मचारीहरुको लागि नेतृत्व विकास तालिम (पालिका प्रमुख/ उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत) | संख्या | १ | १ | ० |
| २२ | जिल्ला समन्वय समिति/ स्थानीय तह सहयोग कार्यक्रम | संख्या | १ | ० | १ |
| २३ | प्रदेश समन्वय परिषद्को बैठक | संख्या | १ | ० | १ |
| सङ्घीय सशर्त अनुदान तर्फ | | | | | |
| २४ | स्थानीय तहहरुमा नवप्रवर्तन साझेदारी कोष सञ्चालन तथा परिचालन | स्थानीय तह | ११ | ७ | ४ |
| २५ | नवप्रवर्तन साझेदारी कोष सम्बन्धमा स्थानीय तहहरुलाई अनुशिक्षण | स्थानीय तह | ११९ | ११९ | ० |
| २६ | प्रदेश सुशासन केन्द्रको भवन र सहभागी आवास निर्माण | संख्या | १ | ० | १ |